म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ४० २०८० पुस १२ गते बिहीबार 28 December 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

# कार्यकर्ताले समाज रुपान्तरणको काम गर्नुपर्छः महासचिव पोखरेल




नेकपा एमालेका महासचिव शंकर पोखरेल ।

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेका महासचिव शंकर पोखरेलले कार्यकर्ताहरुले समाज रुपान्तरणको काम गर्नुपर्ने बताउनुभएको छ। बुधबार नेकपा एमाले जिल्ला कमिटी मकवानपुरको पूर्ण बैठक तथा प्रशिक्षक प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महासचिव पोखरेलले अहिले जनताको अवस्था बदल्न अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो ।

नेकपा एमाले सरकारमा हुँदा जनहितको पक्षमा महत्वपूर्ण काम सुरु गरेपनि अहिलेको सरकारले यसलाई कटौती गर्दै गइरहेको उहाँले आरोप लगाउनुभयो। उहाँले कार्यकर्तालाई एमालेको पालोमा भएको राम्रा कामको खोजी र प्रचार गर्न आग्रह गर्नुभयो। एमाले समाजवाद प्राप्त गर्ने लक्ष्यका साथ अघि बढेको पार्टी भएकोले समाजको आर्थिक र सामाजिक क्षेत्रको विकास गर्न अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो। एमालेको संगठन र कार्यकर्ता बलियो रहेकोले जनतासँग जोडिन पुगेर उनीहरुको जीवनमा परिवर्तन ल्याउन सक्रियता देखाउनुपर्ने उहाँको भनाई छ।

नेता कार्यकर्ताहरुले राजनीतिक आन्दोलनलाई सफल पार्न राजनीतिक दस्तावेज पढ्नुपर्ने उहाँले बताउनुभयो। तब मात्र समाजमा रुपान्तरणको काम गर्नुसक्ने उहाँको भनाई छ। नेपालमा तीन पटक क्रान्ति हुँदा पनि समाजलाई बदल्न नसकिरहेको र यसको अध्ययन गर्न आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा पार्टीको प्रदेश कमिटी, जिल्ला कमिटी र जिल्ला स्कुल विभाग कमिटी गरी ४० जना सहभागी छन्। प्रशिक्षण शुक्रबारसम्म चल्नेछ।

# स्थानीयको दबावपछि पारिजातपथ सडक मर्मत कार्य सुरु




सडक मर्मतको कार्य गरिँदै ।



सडक मर्मतको काम नियमित गरी छिटो सक्न दबावस्वरुप बाटो बन्दै गर्दै स्थानीय ।

समाज संवाददाता

हेटौंडाः स्थानीयको दबावपछि हेटौँडा-४, पारिजातपथ सडक मर्मतको कार्य सुरु भएको छ। निर्माण कम्पनिले सम्झौताअनुसार काम सम्पन्न गर्नुपर्ने म्याद गुज्रिसक्दा पनि मर्मतको काम पूरा हुन नसकेपछि स्थानीयले दबावस्वरुप बुधबार बिहान पारिजातपथको बाटो बन्द गरेका थिए। स्थानीयले बाटो बन्द गरेलगत्तै पारिजातपथ पुग्नुभएका वडा अध्यक्ष नवीन सिग्देलले मर्मतको कार्य तत्काल सुरु हुने जनाउनुभएको थियो।

बुधबार बिहानैदेखि पारिजातपथमा सडक मर्मतको कार्य सुरु भएको छ। सडक बोर्ड नेपालसँगको साझेदारीमा हेटौँडा उपमहानगरपालिकाले निजी निर्माण कम्पनिमार्फत मर्मतको प्रक्रिया सुरु गरेको थियो। गत आर्थिक वर्षमै सक्नुपर्ने योजनाको मंसिर मसान्तसम्म म्याद थपिएको थियो। मंसिर मसान्तसम्म पनि निर्माण कम्पनिले काम सम्पन्न गर्न सकेन। निर्माण कम्पनिले मंसिर २८ गतेदेखि सडक मर्मतको काम सुरु गरे पनि मर्मतको काम नियमित हुन सकेको थिएन।

खाल्डाखुल्डी भएको सडक मर्मतका लागि निर्माण कम्पनिले खाल्डो खनेर छाडे पनि खाल्डोमा बेस हाल्ने काम नगरेपछि दुर्घटनाको जोखिम बढेको भन्दै स्थानीयले अन्ततः बुधबार बिहान बाटो नै बन्द गरेर उपमहानगरपालिकालाई दबाव दिएको थियो। स्थानीयको दबावपछि मर्मतको कार्य सुरु भएको हो।

# शिक्षक हत्यामा संलग्न भारतीय सुटर पक्राउ

समाज संवाददाता

हेटौंडाः बारा जिल्लास्थित एक नीजि विद्यालयका शिक्षक हत्या प्रकरणमा संलग्न भारतीय सुटरलाई बारा प्रहरीले नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा भारतको मोतिहारी जिल्लाका ३२ वर्षीय सुजित कुमार सिंह रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिनुभयो।

मंगलबार राति ८ बजेर ४५ मिनेटको समयमा सिंह लगायतका व्यक्तिहरू हतियारसहित नेपाल प्रवेश गरेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय, बाराबाट खटिएको टोलीले सुरक्षाजाँच गर्ने क्रममा बाराको विश्रामपुर गाउँपालिका-३ बाट सिंहलाई नियन्त्रणमा लिएको हो।

प्रहरीले उनीहरुलाई रोकेर नियन्त्रण गर्न खोज्दा प्रहरीमाथि गोली प्रहार गरी आक्रमण गर्न खोजेको र जवाफी फायरमा सिंहलाई घुडामुनि गोली प्रहार गरी नियन्त्रणमा लिएको जनाएको छ। सिंहको साथबाट १ थान घरेलु हतियार, फायर भएको गोलीको खोका १ थान र गोली बरामद भएको जनाएको छ। गत असोज १३ गते बारा जिल्लास्थित कलैयाको बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक रुपेश स्वर्णकारको गोली हानी हत्या भएको थियो।

सिंह विगत ५ वर्षदेखि बारा र रौतहटमा घटेका विभिन्न घटनामा गोली हानी हत्या गर्ने सुटर रहेको प्रहरीले जनाएको छ।




**ज्येष्ठ नागरिक दिवसमा**ः राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा बुधबार हेटौँडा-६, गौरिटारस्थित बालजागृति युवा वर्ष माविमा विद्यार्थीलाई ज्येष्ठ नागरिक विषयमा कक्षा लिनुहुँदै प्रधानाध्यापक सम्झना अधिकारी। संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका विद्यालयलाई बुधबार राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा सामाजिक अध्ययन विषयको एक घन्टी ज्येष्ठ नागरिकसम्बन्धी कक्षा सञ्चालन गर्न अनुरोध गरेको थियो।

# लागुऔषध गाँजासहित ३ जना पक्राउ




लागुऔषध गाँजासहित पक्राउ परेका सविन कुमार गुरुङ ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा र मनहरीबाट ३ जनालाई लागुऔषध गाँजासहित पक्राउ गरेको छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५ रातामाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले ८८ किलो लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुर जिल्लाको थाहा नगरपालिका-६, बज्रबाराहीका २५ वर्षीय सविन कुमार गुरुङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मंगलबार राती १२ बजेर २५ मिनेटको समयमा प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले चितवनबाट सर्लाही जाँदै गरेको ना ८ ख ७५०४ नम्बरको कन्टेनर ट्रकलाई सुरक्षाजाँच गर्दा लागुऔषध गाँजा बरामद भएको हो। लागुऔषध गाँजासहित गुरुङ र ट्रकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

यस्तै मकवानपुरको मनहरी गाउँपालिका-७, रमनटारबाट प्रहरीले १० किलो लागुऔषध गाँजासहित २ जनालाई नियन्त्रणमा लिएको छ। मंगलबार राती १० बजेर १५ मिनेटको समयमा मकवानपुरको कैलाश गाउँपालिका-७, शर्सिका २५ वर्षीय हरी प्रजा र १८ वर्षीय प्रस्थान प्रजाको साथबाट गाँजा बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

हरी र प्रस्थान सवार बा ४० प ८२७३ नम्बरको मोटरसाइकलले रोकी राखेको ना ४ ख ९४३३ नम्बरको ट्याङकरलाई ठक्कर दिँदा दुर्घटना भएको थियो। दुर्घटनापछि घाइते हरी र प्रस्थानलाई उद्दार गरी उपचारका लागि लैजाने क्रममा प्रहरीले उनिहरुले लिएर आएको दुईवटा झोलाबाट लागुऔषध गाँजा बरामद गरेको हो। घाइते हरी प्रजालाई प्राथमिक स्वास्थ्य केन्द्र मनहरीमा सामान्य उपचार पश्चात प्रहरीसहित थप उपचारका लागि जिल्ला अस्पताल चितवन लगिएको र प्रस्थान प्रजालाई नियन्त्रणमा लिएको छ।



# सम्पादकीय

## ज्येष्ठ नागरिक दिवसको सार्थकता

हरेक वर्ष नेपालमा पुस ११ गते राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिएको छ । यस वर्षको राष्ट्रिय ज्येष्ठ नागरिक दिवस बुधबार विविध कार्यक्रम गरेर मनाइयो । "ज्येष्ठ नागरिकको सम्मानः हाम्रो सभ्यताको पहिचान" भन्ने मूल नाराका साथ यस वर्षको राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइएको छ ।विगतका वर्षहरुमा भन्दा यस वर्ष केही फरक ढंगले राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइएको छ । संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विद्यालयमार्फत् विद्यार्थीलाई सचेतना प्रदान गर्दै दिवस मनाउन अनुरोध गरेको थियो । सोहीबमोजिम शिक्षा मन्त्रालयले देशभरका सबै विद्यालयलाई निर्देशन जारी गर्दै प्रत्येक विद्यालयले सामाजिक अध्ययन विषयको अध्यापन घण्टीमा ज्येष्ठ नागरिकसम्बन्धी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न भनेको थियो । सोही निर्देशनबमोजिम देशभरका अधिकांश विद्यालयले विद्यार्थीलाई ज्येष्ठ नागरिकसम्बन्धी सचेतना प्रदान गरेका छन् ।

मानिसले आफ्नो जीवनकालमा बालक, किशोर, युवा र बृद्ध गरी चार अवस्था पार गर्नुपर्छ । मानव जीवनमा सबैभन्दा माया र प्रेरणा पाउने अवस्था भनेको बालक अवस्था हो । चन्चल र रमाउने अवस्था किशोरावस्था हो । जिम्मेबारीको पोको बोकेर अवसर र चुनौतीहरुलाई जीवनको सार्थकतामा दौडिने अवस्था युवा अवस्था हो । युवा अवस्थाका रोजाई र भोगाइबाट खारिँदै जीवनको अन्त्यतिर मानिसले बृद्ध अवस्था भोग्नुपर्छ । आम बृद्धहरुको अवस्था नेपालमा सुखद् रहेको पाइँदैन । नेपालमा एकाध अपवादबाहेक बृद्धावस्था दुर्भाग्यपूर्ण बनिरहेको पाइन्छ । बृद्धावस्थाको समयमा शारीरिक अशक्तता, परनिर्भरता र विभिन्न रोगहरुले सताइरहेको हुन्छ । आमरुपमा पारिवारिक माया र स्याहारसुसार आवश्यक पर्ने समयमा नेपालका अधिकांश ज्येष्ठ नागरिक हेला, घृणा र दुर्व्यवहारको शिकार बनिरहेका छन् । बालकजस्तै बृद्धहरुलाई पनि माया, ममता, स्नेह, स्याहार आवश्यक पर्दछ । उनीहरुलाई आफ्ना आधारभूत आवश्यकता पूरा गर्न अरुको भर पर्नुपर्ने हुन्छ ।

नेपालमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बमोजिम ६० वर्ष उमेर पूरा गरेकालाई ज्येष्ठ नागरिकको रुपमा परिभाषित गरिएको छ । वि.सं २०७८ सालको जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको संख्या करिब ३० लाख छ । २०६८ सालको जनगणनामा यो संख्या करिब २२ लाख रहेको थियो । संसारभर ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुको संख्या करिब एक अरब छ । ज्येष्ठ नागरिकको संख्या वृद्धि हुँदै गए पनि उनीहरुको पालनपोषण तथा हेरचाहमा भने कमी हुँदै गएको छ । प्रत्येक घरका युवाजति वैदेशिक रोजगारी र अध्ययनको नाममा विदेशिने क्रम बढ्दै गएपछि ज्येष्ठ नागरिकको हेरचाहको समस्या बढ्दै गएको हो । ज्येष्ठ नागरिकले आफ्नो जीवनकालमा संगालेका ज्ञान, सीप र अनुभव नयाँ पुस्ताको लागि मार्गदर्शन मानिन्छ । तर, पछिल्लो समय पारिवार, समाज र देशबाटै ज्येष्ठ नागरिक अपहेलित हुने क्रम बढ्दै जाँदा उनीहरुको सामाजिक सुरक्षाबारे चासो र चिन्ता पनि बढ्दै गएको छ ।

वृद्धावस्थामा पुगेका जेष्ठ नागरिकलाई उचित सम्मान प्रदान गर्न सचेत बनाउने उद्देश्यले ज्येष्ठ नागरिक दिवस मनाउने गरिएको हो । हाम्रो देशमा पुस ११ गते राष्ट्रिय र अक्टोबर १ तारिखमा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिन्छ । हाम्रो देशमा परापूर्व कालदेखि ज्येष्ठ नागरिकलाई सम्मान गर्ने परम्परा भए पनि पछिल्लो समय ज्येष्ठ नागरिकहरु तिरस्कृत बन्ने क्रम बढ्दै गएको पाइन्छ । त्यही भएर यस वर्षको राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको नाराले पनि ज्येष्ठ नागरिकको सम्मानलाई हाम्रो सभ्यताको पहिचानको रुपमा उजागर गरेको छ । नारामा भनिएजस्तै ज्येष्ठ नागरिकहरुको इच्छा र चाहना पूरा गर्न परिवार तथा राज्यले पर्याप्त ध्यान दिन सकेमा ज्येष्ठ नागरिकको सम्मान हुने थियो । ज्येष्ठ नागरिकको सम्मान हुन सकेमा यो दिवस मनाउनुको सार्थकता पनि रहन्थ्यो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : विद्या प्राप्ति पठन केन्द्रमा मन केन्द्रित होला ।
**वृष** : बुद्धि र विवेकको सही सदुपयोग हुने समय छ ।
**मिथुन** : भेटघाट र बैठकका काममा समय बित्ला ।
**कर्कट** : आशिर्वादले महत्वपूर्ण काम बन्न सक्ने योग छ ।
**सिंह** : नकारात्मक उर्जामा वृद्धि हुनाले चिन्ता बढ्ला ।
**कन्या** : व्यापार–व्यवसायका कामबाट लाभ प्राप्त ।
**तुला** : प्रशासनिक तथा मुद्धामामिलामा विजय प्राप्त ।
**वृश्चिक** : रचनात्मक काममा जुट्दा रमाइलो होला ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मकर** : परोपकारजन्य काममा सरिक भइने समय छ ।
**कुम्भ** : कार्यक्षेत्रमा बोली र कामको प्रशंसा होला ।
**मीन** : घरायसी र अन्यकाममा पनि ध्यान केन्द्रित होला ।

# युवा लक्षित कार्यक्रमको गतिहीनता र अबको बाटो



✍ रमेश घिमिरे

कुन उमेर समूहलाई युवा मान्ने भन्ने कुरा देश र सन्दर्भअनुसार फरक पर्छ। प्राकृतिक रुपले १४ देखि ६० वर्षभित्रका मानिसलाई काम गर्न सक्ने उमेर मान्न सकिन्छ । १३ देखि १९ वर्षसम्म अर्थात् टिन एजलाई किशोर मान्ने गरिन्छ ।

नेपालमा १४ वर्षमुनि बालश्रम गर्न प्रतिबन्ध लगाइएको छ । त्यसमाथि १८ वर्षसम्म सीमित क्षेत्रमा ससर्त काम लगाउन पाइने व्यवस्था छ । युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेरभित्रका मानिसलाई युवा मानेको छ ।

२०४८ सालयताको जनसंख्या विश्लेषण गर्ने हो भने नेपालको वृद्धिदर घट्दो क्रममा देखिन्छ । यो बीचमा युवा संख्याको अनुपात भने बढ्दो क्रममा देखिन्छ । नेपालको जनसंख्या २०४८ सालमा १ करोड ८४ लाख ९१ हजार ९७ थियो । २०५८ सालमा २५ प्रतिशत बढेर २ करोड ३१ लाख ५१ हजार ४ सय २३ पुग्यो । त्यस्तै २०६८ सालमा १४ प्रतिशत बढेर २ करोड ६४ लाख ९४ हजार पुग्यो । २०७८ सालसम्म १० प्रतिशत बढेर २ करोड ९१ लाख ६४ हजार ६ सय ७८ पुगेको छ ।

काम गर्ने सक्रिय जनसंख्या १५ देखि ५९ वर्षबीचको जनसंख्या अहिले ६२ प्रतिशत छ । २०६८ सालमा यो जम्मा ५७ प्रतिशत थियो । २०५८ मा ५३ प्रतिशत थियो भने २०४८ मा ५२ प्रतिशत थियो । बालबालिका र ज्येष्ठ नागरिक आश्रित जनसंख्यामा पर्छन् । त्यो उमेर समूहमा बढी संख्या हुनु भनेको आर्थिक हिसाबले देशका लागि बोझ हो । बीचको उमेरको जनसंख्या बढी हुनु भनेको साधनस्रोतको उपलब्धता हो । यो अवसर सधैं रहिरहँदैन । बेलामै सदुपयोग गरिएन भने हराएर जान्छ ।

जापान, कोरियाजस्ता देशले यस्तै जनसांख्यिक लाभको समयमा विकास गरेका हुन् । प्रविधि र पुँजी मानिसले सिर्जना गर्न सक्छ । जनसांख्यिक लाभ चाहँदैमा तुरुन्त उपलब्ध हुने होइन । एक युगमा सुनौलो एक दिन एकपटक आउँछ भन्ने भनाइ छ । यो समय र प्रकृतिले उपलब्ध गराउँछ । उपलब्ध गराएको समयमा हामीले सदुपयोग गर्ने हो ।

नेपालमा जनसांख्यिक लाभ सुरु भएको ३२ वर्ष पुगेको छ। यो लाभ अझ २२ वर्ष रहने अनुमान छ । यस्तो लाभ हरेक मुलुकले प्राप्त गर्ने ५०-६० वर्ष नै हो । यो बीचमा विकासको फड्को मार्न सकिएन भने अति राम्रो अवसर गुमेको मान्नुपर्छ। नेपालमा युवा लक्षित कार्यक्रम २०१९ सालबाटै सुरु भएको हो। तत्कालीन सरकारले शिक्षित युवालाई गाउँगाउँमा शिक्षाको महत्वबारे प्रचार गर्ने काममा खटाउने अभियान चलाएको थियो । तर, राजनीतिक दलहरुले युवालाई पञ्चायतविरुद्ध प्रचार गर्ने काममा उपयोग गरेपछि तत्कालीन सरकारले त्यसलाई निरन्तरता दिएन ।

२०४७ सालमा बहुदलीय प्रजातन्त्र आएपछि राष्ट्रिय योजना आयोगले विकास निर्माणको अनुगमनका लागि स्वयंसेवकको रुपमा शिक्षित युवा परिचालन गर्ने कार्यक्रम सञ्चालन गर्यो। यो पनि दलका कार्यकर्तालाई पालनपोषण गर्ने कार्यक्रमका रूपमा रुपान्तरण भयो। संयुक्त राष्ट्रसंघले सन् १९९९ मा १२ अगस्टलाई अन्तर्राष्ट्रिय युवा दिवसको रुपमा मनाउने घोषणा गर्यो । नेपालले पनि सन् २००० बाट यो दिवस मनाउँदै आएको छ। २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन भयो । सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रम ल्यायो। जनसांख्यिक लाभ उपयोग गरी उद्यमशील युवालाई पुँजीको अभाव अन्त्य गर्न यो कार्यक्रम ल्याइएको हो। यो पनि राजनीतिमा लागेको टाठाबाठा कार्यकर्ताले सहुलियत कर्जा लिने र दुरुपयोग गर्ने प्रवृत्तिमा परिणत भयो ।

सरकारले राष्ट्रिय युवा नीति, २०७२ जारी गर्यो । नीति कार्यान्वयनका लागि राष्ट्रिय युवा परिषद् ऐन, २०७२ जारी भयो । युथ भिजन, २०२५ पनि घोषणा भयो । राष्ट्रिय युवा परिषद् गठन भई क्रियाशील रहेको छ। प्रदेश युवा परिषद् विस्तारको क्रममा रहेका छन्। संघीयताको जग स्थानीय सरकार भएको हुँदा स्थानीय तहबाट युवा लक्षित कार्यक्रम नगरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न सकिँदैन। यसैअनुरुप राष्ट्रिय युवा परिषद्ले युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७९ जारी गरेको छ।

दिग्दर्शनले युवा लक्षित कानुन, नीति, कार्यक्रमबारे एकीकृत जानकारी उपलब्ध गराएको छ । साथै, स्थानीय तहबाटै शासनमा युवा सहभागिता कसरी सुनिश्चित गर्ने भन्ने मार्गदर्शन गरेको छ। हरेक वर्ष वार्षिक बजेट कार्यक्रममा युवा लक्षित कार्यक्रम परियोजना समावेश गरिन्छ । युवा तथा खेलकुद मन्त्रालय मात्र नभई विभिन्न मन्त्रालयले युवा लक्षित कार्यक्रम घोषणा गर्छन्। शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन, श्रम, रोजगार लगायतका मन्त्रालयले कार्यक्रम राख्छन्।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, शिक्षामा युवा, कृषिमा युवाको लगानी, प्रधानमन्त्री रोजगारजस्ता कार्यक्रम चलिरहेका छन्। चालू आर्थिक वर्ष २०८०-८१ मा युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत २ अर्ब ८७ करोड बजेट विनियोजन भएको छ। त्यसको अधिकांश हिस्सा राष्ट्रिय खेलकुद परिषद्का लागि रहेको छ । १ अर्ब ७९ अर्ब परिषद्का लागि विनियोजित छ। बजेट अंकमा हेर्दा युवा लक्षित कार्यक्रमका लागि बजेट अत्यन्तै न्यून रहेको देखिन्छ ।

पञ्चायतविरोधी आन्दोलन र २०४६ सालको जनआन्दोलनमा युवाको सक्रिय सहभागिता रह्यो । २०६२-६३ को दोस्रो जनआन्दोलनमा गणतन्त्रको नारा घन्काउने युवा नै थिए । त्यसअघि २०५२ सालमा सुरु भएको माओवादी आन्दोलनमा युवाहरु शिक्षा र पेसासमेत छोडेर होमिएका थिए। राजनीतिकर्मी नेताहरूलाई सत्तामा पुर्याउने भऱ्याङको रुपमा युवाहरु उपयोग भइरहेका छन् । तर, शासन र विकासमा युवाको सार्थक सहभागिता छैन । देश विकासको नीति निर्माणमा युवाको राय, सल्लाह र सहभागिता सही ढंगले हुन सकेको छैन ।

किशोरावस्थामा मानिसलाई सही शिक्षा, सिकाइ दिइएन, उनीहरुको प्रतिभालाई प्रस्फुटन हुने अवसर दिइएन भने उनीहरु गलत बाटोमा लाग्न सक्छन्। लागू औषधको कुलत र आपराधिक क्रियाकलापमा आकर्षित हुने सम्भावना हुन्छ । युवा समुदायलाई राज्यले शासनमा समेट्न सकेन भने उनीहरू राज्यप्रति बफादार हुँदैनन् । राष्ट्रियताको भावना कमजोर हुन्छ । राज्यलाई उनीहरूले सहयोग पुर्याउँदैनन्। विद्रोही र आतंककारी समूह किशोर र युवाको खोजीमा हुन्छन् । युवाशक्ति राष्ट्रनिर्माणको सट्टा ध्वंसको कार्यमा प्रयोग हुन्छन्। यो अवस्था नेपालमा पटक-पटक देखिँदै आएको छ।

नेपाल जनसांख्यिक लाभको अवस्थामा त छ, तर लाभदायक जनसंख्या बिदेसिइरहेको छ। २०६८ को जनगणना गर्दा १७ वर्षका मानिस ५ लाख ३७ हजार थिए । यस आधारले वर्षमा ५ लाख बढी मानिसका लागि रोजगारीको अवसर आवश्यक हुन्छ । २०७९ को १२ कक्षाको नतिजामा २ लाख ३० विद्यार्थी ग्रेडेट भए । सो वर्ष १ लाख १७ हजार विद्यार्थीले वैदेशिक अध्ययन अनुमति लिएका छन् । १२ कक्षा उत्तीर्ण भएका आधाभन्दा बढी विद्यार्थी विदेश गएका देखिन्छन्। आर्थिक हैसियत पुर्याउन सकेका र अंग्रेजीमा न्यूनतम दक्खल भएका विद्यार्थी धेरैजसो बिदेसिएको पाइन्छ ।


अदक्ष, अशिक्षित र कम शिक्षित जनशक्ति वैदेशिक रोजगारीमा जाने क्रम बढेको देखिन्छ । यसका लागि पनि २-३ लाख लगानी पर्छ । आर्थिक वर्ष २०७९-८० मा ७ लाख ७१ हजार ३ सयले श्रमस्वीकृति लिए, जसअनुसार दैनिक वैदेशिक रोजगारीमा जानेको संख्या दैनिक २ हजार हुन्छ । यो इतिहासकै उच्च हो । त्यसमा नयाँ श्रमस्वीकृति नै ४ लाख ९४ हजार छ । चालु आर्थिक वर्षको मंसिरसम्म यो प्रवृत्तिमा कमी देखिएको छैन। एकातिर नेपालमा श्रमिकको अभाव छ भनिँदै छ। नेपालमा श्रमप्रति घृणाभाव, न्यून वेतन, रोजगारीको अवधि अनिश्चित, वेतनको सुनिश्चितताप्रति विश्वासको अभावजस्ता कारणले उनीहरु बिदेसिएका हुन् ।

युवाका निम्ति अनुदान र सहुलियत कर्जा प्राथमिक आवश्यकता होइन। युवासँग बैंकेबल आइडिया छ भने लगानीकर्ता उनीहरुले जुटाउन सक्छन्। प्रोत्साहन गर्न बीउपुँजीका लागि सरकारले सहयोग गर्नु पनि राम्रै हो । तर पहिलो कुरा, युवाहरुमा उपयुक्त बिजनेस आइडिया आउने अवस्था सिर्जना गर्नुपर्यो। औपचारिक शिक्षाले मात्र विकासका लागि आवश्यक जनशक्ति तयार हुँदैन। जीवननिर्वाह, आत्मनिर्भर र व्यवसाय सञ्चालनको गुण विकास गर्न युवालाई उत्प्रेरित गर्नुपर्छ। स्थानीय स्तरदेखि किशोर र युवाहरुलाई क्लबहरुमा आबद्ध गर्ने, उनीहरुको रुचि, क्षमता आदानप्रदान गर्ने, सीप, ज्ञान विकासका लागि वातावरण तयार गर्नुपर्छ ।

नीति निर्माणको क्रममा क्लबहरुको बैठक, छलफल, विचार विमर्श मन्थनबाट निस्केका सुझावलाई ग्रहण गर्नुपर्छ । राज्य हाम्रो हो, यसले हाम्रा लागि काम गर्छ, हामीले भनेअनुसार काम गर्छ भन्ने विश्वास युवामा जगाउनुपर्छ। उनीहरुलाई शासनप्रति अपनत्व बोध गराउनुपर्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# आफैंविरुद्ध प्रमाण लाग्ने भएकाले प्राधिकरणले टीओडीको तथ्यांक लुकाएको छ



✍ रमन कर्ण

२०७५ सालबाट सुरु डेडिकेटेड र ट्रंकलाइन विवाद सुरु हुनेबित्तिकैदेखि अदालतमा प्रश्न उठेको हो । ११ वटा कम्पनी अहिले पनि अदालतमै छन् । यसअघि मुद्दामा गएका केही उद्योगको विषयमा अदालतले नेपाल विद्युत् प्राधिकरण ऐनको दफा ३९ अनुसार प्राधिकरण वादी/प्रतिवादी भएको मुद्दा जिल्ला अदालतमा चल्नेछ भनेकाले त्यहीँ जानु भनेर आदेश दिएको हो । त्यो मुद्दामा कर तिर्नुपर्छ कि पर्दैन भन्ने कुराको निरुपण भएको छैन । तल्लो अदालतमा वैकल्पिक उपचारको विकल्प हुँदाहुँदै माथिल्लो अदालतमा आउन मिल्दैन भनेर रिट खारेज भएपछि अहिले जिल्ला अदालतमा मुद्दा विचाराधीन छ ।

सर्वोच्च अदालतको फुल बेन्चले पनि नेपाल विद्युत प्राधिकरण वादी प्रतिवादी भएको मुद्दा हेर्ने अधिकार जिल्ला अदालतलाई हुने भनेर व्याख्या गरिएको छ । त्यही आधारमा समेत जिल्ला अदालतमा मुद्दा विचाराधीन भएको अवस्थामा प्राधिकरणले बत्ती काट्दियो । यससम्बन्धी विवाद सर्वोच्च अदालतमा पनि चलिरहेको छ ।

यो विवादमा २०८० साउन २६ गते सर्वोच्च अदालतले एक आदेश दिएको छ । विद्युत् महसुल निर्धारण आयोगले तोकेको भन्दा बढी महसुल लिन मिल्छ वा मिल्दैन, २०७२ साल फागुन ११ गते डेडिकेटेड लाइन लिएकाहरु पनि लोडिसेडिङमा बस्नुपर्ने भनेर सूचना जारी भएकाले त्यसपछि प्रिमियम शुल्क लिन मिल्छ वा मिल्दैन भन्ने कुराको न्याय निरुपण गर्नुपर्ने छ भन्दै मुद्दा गर्दा गर्ने अनुमति दिएको छ । सर्वोच्चले यो विषय सोधेकाले प्राधिकरणले त्यसको जवाफ दिनु पर्ने हुन्छ । अदालतले प्रश्न उठाएपछि उद्योगी व्यवसायीको प्रश्न सही ठाउँमा छ । यो विषय अहिले अदालतको क्षेत्राधिकारमा छ ।

अदालतमा विचाराधीन अवस्थामा पनि तपाईको लाइन काटिन्छ भने यसलाई कानुनी राज्यमा के भन्ने ? कानुन मान्ने की नमान्ने ? अदालतलाई मान्ने कि नमान्ने ? सर्वोच्चले जुन प्रश्न उठाएको छ, त्यसको जवाफ त प्राधिकरणले दिनु पर्ने होइन र ? २०७२ फागुन ११ पश्चात् पनि डेडिकेटेडको दर लगाउन २४ घण्टा विद्युत् आपूर्ति दिएको हुनु पऱ्यो कि परेन ? कानुनको शासन भएको देशमा अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीद्वारा लाइन काट्ने काम अत्यन्तै दुर्भाग्यपूर्ण छ ।

प्राधिकरणकै सञ्चालक समितिको निर्णय र तत्कालीन सञ्चालक मनोज मिश्रको प्रतिवेदन (जसलाई प्राधिकरणले स्वीकृत गरेको छ) मा भनिएको छ, प्रत्येक दिन २४ घण्टा बिजुली प्राप्त गर्ने ग्राहकलाई डेडिकेटेड ग्राहक भनिन्छ। अब प्रश्न उठ्छ, बिल काट्नुअघि प्रत्येक दिन २४ घन्टा लाइन पायो कि पाएन, हेर्नुपर्छ कि पर्दैन ? जसले २४ सै घन्टा पाएको छैन, दैनिक ६ घण्टा, ८ घण्टा पाएको छ वा लोडसेडिङमा बसेको छ, उसलाई तपाईले कसरी डेडिकेटेड लाइनको शुल्क लिनु हुन्छ ? यो प्रश्न उठ्छ उठ्दैन ?

डेडिकेटेड र ट्रंकलाइनका सन्दर्भमा प्राधिकरणका तत्कालीन सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा एउटा समिति बनेको थियो । त्यसले दिएको रिपोर्टमा पनि भनिएको छ, लोडसेडिङमा बस्ने र नबस्नेको दर फरक फरक हुनुपर्छ। दोस्रो

....बाँकी पृष्ठ ३ मा

# प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः प्रदेश सरकार र स्थानीय सरकारबीचको अन्तरसम्बन्धका विषयमा बुधबार हेटौँडामा अन्तरक्रिया भएको छ। डेमोक्रेसी रिसर्च सेन्टरको आयोजनामा भएको कार्यक्रममा मकवानपुरका विभिन्न पालिकाका प्रमुख, उपप्रमुख तथा प्रदेश सभाका पूर्वसदस्य, वडा अध्यक्षको सहभागिता रहेको थियो ।

तीन तहका सरकारबीच एकल तथा साझा अधिकारमा रहेर आपसी सम्बन्ध कस्तो देखिन्छ भनेर सरोकारवालालाई पनि सहभागी गराइएको थियो । अन्तर क्रियामा सहभागीले स्थानीय र प्रदेश सर कारबीच समन्वय र सहकार्य हुन नसकेको उल्लेख गरेका थिए । संघीय सरकारले पनि अधिकार प्रत्यायोजन गर्न नचाहँदा संघीयता नै कार्यान्वयन हुन नसकेको पनि सहभागीको धारणा थियो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले भौगोलिकरुपमा संघीयता कार्यान्वयनमा आए पनि प्रशासनिक संघीयता लागु हुन नसकेको उल्लेख गर्नुभयो ।

बागमती प्रदेश सभाकी पूर्व सदस्य जुनेली श्रेष्ठले संघीय संरचनाको विद्यमान अवस्थाको उचित व्यवस्था जरुरी रहेको औँल्याउनुभयो । संरचनाको उचित व्यवस्थापन हुन नसक्दा संघीयता माथि नै प्रश्न खडा भइरहेको उहाँको भनाइ थियो । नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जनताका अपेक्षा उच्च रहेको बताउनुभयो । निर्वाचनका बेला लालपुर्जा दिउँला भनेका जनप्रतिनिधिले कानुनी प्रक्रियाले लालपुर्जा दिन सक्ने अवस्था नभएको उल्लेख गर्नुहुँदै लामाले भन्नुभयो, "जनप्रतिनिधिले निर्वाचनको बेलामा गरेका वाचा पूरा गर्न सक्न कानुन र कर्मचारी दुवै अवरोधको रुपमा रहेको छ ।"

मनहरी गाउँपालिकाका अध्यक्ष र ञ्जन कालाखेतीले मनहरीमा मानव र वन्यजन्तुबीचको द्वन्द्व ठूलो समस्याको रुपमा रहेको र निरन्तर पहल गर्दा पनि सरोकारवाला निकायले सहयोग नगरेको भन्दै दुखेसो व्यक्त गर्नुभयो । वन्यजन्तुको आक्रमणमा भौतिक क्षति हुँदा लालपुर्जा नभएकै कारण पीडितले क्षतिपूर्ति समेत नपाएको उहाँले बताउनुभयो । प्रदेश सर कारले सशर्त बजेट नभई समपूरक शीर्षकमा बजेट दिनुपर्ने अध्यक्ष कालाखेतीको भनाइ थियो । मकवानपुर को बकैया गाउँपालिकाको कार्यपालिका सदस्य लक्ष्मी माझीले दलीय स्वार्थप्रेरित भएर स्थानीय तहमा गलत अभ्यास भइर हेको उल्लेख गर्नुभयो । मकवानपुरगढी गाउँपालिकाका निवर्तमान अध्यक्ष विदुर हुमागाईले स्थानीय तहहरुका लागि नमूना कानुनको खाका तयार पारेर उपलब्ध गर ाउनुपर्ने सुझाव दिनुभयो ।

हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले पालिकाको प्रमुख आयश्रोत नदिजन्य पदार्थको उत्खनन्मा कानुनी झन्झट रहेको उल्लेख गर्नुभयो । सहभागीबीच अन्तरक्रियाअघि आयोजक डेमोक्रेसी रिसर्च सेन्टरका अनुसन्धानकर्ता चिरन मानन्धरले बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न पालिका र प्रदेश सरकारबीचको अन्तरसम्बन्धका विषयमा गरिएको अध्ययन र त्यसबाट प्राप्त निश्कर्षका बारेमा जानकारी गर ाउनुभएको थियो ।

# भानु माविको ४७ औं वार्षिकोत्सव सम्पन्न



अभिभावक भेलामा सहभागीहरु ।

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित भानु माध्यमिक विद्यालयले बुधबार ४७ औं वार्षिकोत्सव सम्पन्न गरेको छ । विद्यालयको वार्षिकोत्सवको अवसरमा विद्यार्थीहरुले नृत्यसमेत प्रस्तुत गरेका छन्।

कार्यक्रम मकवानपुरगढी गाउँपालिकाका उपप्रमुख मानकुमारी पाखिनको सभाअध्यता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। कार्यक्रममा गाउँपालिकाका सामाजिक विकास संयोजक आइत सिंह लोको विशिष्ट आतिथ्य रहेको विद्यालयका लेखा संयोजक शान्तप्रसाद दाहालले जानकारी दिनुभयो ।

विद्यालयले पछिल्लो समयमा शैक्षिक, भौतिक पक्षमा सुधार गर्दै गएको र आगामी दिनमा अझै शैक्षिक गुणस्तर वृद्धिको अपेक्षा गरिएको बताइएको छ । कार्यक्रममा जिल्लास्तरीय महिला भलिबल प्रतियोगितामा प्रथम हुने खेलाडीलाई सम्मान गरिएको थियो । वार्षिकोत्सवको अवसरमा अभिभावकलाई समेत खेल खेलाएर पुरस्कृत गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापका विजयी विद्यार्थीलाई पुरस्कृत गरिएको छ। विभिन्न विधामा सम्मानित विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालयबाट अन्य विद्यालयमा सरुवा भई जानुहुने शिक्षकलाई सम्मान गरिएको उहाँले जानकारी दिनुभयो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ५ सय ५० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । विद्यालयको वार्षिकोत्सवको अवसरमा विभिन्न संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरुले शुभकामनासमेत व्यक्त गर्नुभएको थियो ।

# गाई भैंसीमा भ्यागुते रोगको समस्या

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाका गाई भैंसीहरुमा अहिले भ्यागुते रोगको समस्या धेरै देखिएको छ । चिसोको समयमा गाई भैंसीहरुमा तापमान बढी हुने, सास फेर्न गाह्रो हुने, घ्वारघ्वार आवाज आउनेजस्ता समस्या देखापर्ने गरेको हेटौंडा उपमहानगर पालिकाका पशुपछी तथा मत्स्य विकास शाखाका प्राविधिक सहायक सागर बोहराले जानकारी दिनुभयो ।

अहिलेको समयमा पशुपछीप्रति मानिसहरुले गर्ने व्यवहारमा सकारात्मक परिवर्तन आएको बोहोराले बताउनुभयो । हेटौंडामा पशुपछीहरुमा हुने हिंसा कम हुँदै गएको उहाँको भनाइ छ । बोहराका अनुसार हेटौंडा उपमहानगरपालिकाभित्र पशु सेवाकेन्द्र ६ वटा रहेका छन् । यस्तै, मकवानपुरको हेटौंडा-४ स्थित कर्रामा एउटा पशु चिकित्सा केन्द्र रहेको छ ।

हेटौंडा उपमहानगरपालिकाभित्र डा. गणेश राणाले पशुहरुको जाँच गर्नुहुन्छ भने थप ६ वटा केन्द्रमा एक-एक जना प्राविधिकले सेवा दिइरहनुभएको बोहराले बताउनुभयो । उपमहानगरपालिकाले पशुपछी विभाग तथा सेवा केन्द्रबाट छिटो सेवा सुविधा दिने उद्देश्य बनाएको छ ।

हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयले पशु विज्ञान विषयमा कक्षा ९ देखि १२ सम्म तथा डिप्लोमा तहको पठनपाठन गर्दै आएको छ । जनप्रियमा पशु विज्ञान विषयको डिप्लोमा तहमा ४० जना विद्यार्थी अध्ययनरत छन् ।

पशुपछीहरुमा कहिलेकाहीँ महामारीको समयमा धेरै जटिल समस्या देखिनसक्ने बोहराले बताउनुभयो । पालिकाले पशु जाँच गर्नका लागि ल्याब र भिडियो एक्सरे निर्माण गर्ने भएको छ । अहिले पालिकाले गोबर परीक्षणबाट सेवा प्रदान गरिरहेको उहाँले बताउनुभयो । चिसो बढ्नासाथ धेरैजसो बाख्राहरुलाई छिट्टै रोगले आक्रमण गर्ने उहाँको भनाइ छ ।

बोहराका अनुसार अहिले कुनै पशुमा क्षति पुगेको छैन । घरपालुवा तथा बाहिरी जनावरहरुको स्याहारसुसार गर्न अत्यन्त आवश्यक हुने भन्दै पशुहरुको शरीर तथा स्वास्थ्यमा असहजता भए व्यक्तिहरुको स्वास्थ्यमा समेत असर पर्ने बोहोराले बताउनुभयो । जनावरहरुलाई पनि स्वास्थ्य जाँच तथा शरीरमा चाइने खोप उपलब्ध गराउन आवश्यक रहेको उहाँले जानकारी दिनुभयो । पशुहरुलाई विभिन्न खोप लगाइएमा मानिसलाई टोक्दा पनि रेबिजजस्ता समस्याको डर नहुने उहाँले बताउनुभयो ।

जनावरहरुलाई तनाव दिन नहुने भन्दै पशु ढुवानी गर्दा धेरै ध्यान दिन आवश्यक रहेको हेटौंडा उपमहानगर पालिकाका पशु चिकित्सक गणेश लामाले बताउनुभयो । डा. लामाका अनुसार अहिलेको समयमा महामारी नभए पनि लम्पी स्किनलाई हटाउन सकिएको छैन । अहिले सामान्यतया बाख्राहरुलाई इन्टेरोटोक्सिमिया र स्काटर, गाईलाई लम्पी स्किन तथा भ्यागुते रोग, ब्रोइलर कुखुरालाई रानीखेतजस्ता समस्या देखापरि रहेको छ। यस्तै, पशुहरुमा धेरै निमोनिया, ब्लुट, पेट फुल्ने समस्या, खोरेतलगायता समस्या देखापर्ने डा. लामाले बताउनुभयो ।

डा. लामाका अनुसार हेटौंडाका १९ वटै वडा सुगम छैन । किसानहरुलाई जनावरबाट हुने घाटा, किसानहरुलाई विभिन्न तालिम, माछामासुमा आत्मनिर्भर हुनुपर्छ भन्ने ज्ञान दिने उद्देश्य रहेको उहाँले बताउनुभयो ।

# २० जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौँडाः हेटौँडा-७, नागस्वतीस्थित हेटौँडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा बुधबार बिहान रक्तदान कार्यक्रम भएको छ। सहकारीको २५ औं वार्षिकोत्सवको अवसरमा मुख्य कार्यालय परिसरमा भएको कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् । सहकारीले वार्षिकोत्सवको अवसरमा साताव्यापी कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरेको हो ।

रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । रक्तसञ्चार केन्द्रमा बी र ओ पोजेटिभ समूहको रगत पर्याप्त भएकोले ए र एबी पोजेटिभ समूहका रगत मात्रै संकलन गरिएको रक्तसञ्चार केन्द्र हेटौँडाका प्रमुख टंक दाहालले जानकारी दिनुभएको छ । बिहिबार हेटौँडा-१८, हर्नामाडीस्थित ज्योति माविले पनि रक्तदान कार्यक्रमको आयोजना गरेको छ । विद्यालयले वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गर्न लागेको हो ।

यस्तै शनिबार कैलाश गाउँपालिकास्थित नेपाल रेडक्रस सोसाइटी गोगने उपशाखाको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ भने पुस २१ गते मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा पनि रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्र हेटौँडाका प्रमुख दाहालले जानकारी दिनुभएको छ ।

# आफैंविरुद्ध प्रमाण...

नेपाल विद्युत् प्राधिकरणको प्रणालीबाट निरन्तर विद्युत् सप्लाई लिने औद्योगिक व्यापारिक र गैरव्यापारिक ग्राहक एवम् ३३ केभी ट्रंकलाइनमा कम्तिमा दैनिक २० घण्टा बिजुली लिने ग्राहक यस वर्गमा पर्छन् भनिएको छ। भक्तबहादुर पुनको रिपोर्टलाई मान्नु हुन्छ भने कम्तीमा दैनिक २० घण्टा बिजुली पाएको त हुनुपर्‍यो नि बिलिङ गर्न ?

अर्कातिर, डेडिकेटेड र ट्रंक लाइन लिन इच्छुक ग्राहकले त्यो जडान गरिदिन निवेदन दिएको पनि हुनुपर्‍यो । निवेदन दिएको छैन र सञ्चालक समितिले निर्णय पनि गरेको छैन भने त्यसलाई डेडिकेटड वा ट्रंकलाइनको बिजुली दिइन्न । यो प्रक्रियागत कुरामा पनि नजाऊँ, अतिरिक्त शुल्क माग्न प्राधिकरणले २४ घण्टा विजुली दिएको त हुनुपर्‍यो नि । पुनको रिपोर्टमा अगाडि भनिएको छ, 'मापदण्ड भित्र पर्ने ग्राहकलाई निवेदन नदिएको भए पनि यस्तो सेवा सुविधा लिँदै आइरहेका थिए ।' यसरी सेवा सुविधा लिने उद्योग कुन हो ? कसलाई यो सुविधा दिइयो ? त्यसको नाम किन नलेखेको ? त्यसरी लाइन लिने उद्योगको लाइन प्राधिकरणले काट्यो ? पत्र काट्यो । त्यो उद्योगले त्यसरी लाइन लिएको भए त्यसको प्रमाण पेश गर्नु पर्दैन ?

प्राधिकरण स्वयंले २०७२ कात्तिक १५ मा आफ्ना क्षेत्रीय कार्यालयलाई पठाएको पत्रमा २४ घण्टा दैनिक विद्युत् प्रयोग गरेको ग्राहकको टीओडी मिटर डाउनलोड गरेर प्रिमियम महसुल लगाउनु भनेर लेखिएको छ। प्राधिकरणकै निर्देशनअनुसार पनि तोकिएको दरअनुसारको शुल्क लगाउन टीओडी डाटा दिनु पर्‍यो कि परेन ?

प्रत्येक वर्षको चैत महिनामा टीओडी डाटा अनिवार्य रुपमा डाउनलोड गरेको हुनुपर्छ भनेर प्राधिकरणकै विद्युत् वितरण विनियमावलीमा उल्लेख छ । त्यो डाटा किन प्राधिकरणले दिँदैन ? प्रमाणले ऐनले के भन्छ भने तपाईंले आफूसँग भएको कुनै दस्तावेज दिन मान्नुहुन्न भने त्यो कागज तपाईको विरुद्धमा छ। प्राधिकरणले टीओडी मिटरको डाटा लुकाउनुको अर्थ त्यो उसको विरुद्धमा छ भन्ने अर्थ लाग्दैन र ?

आज हामी सार्वजनिक रुपमा के भनिरहेका छौं भने उद्योगपतिले कानुनअनुसार तिर्नुपर्ने पैसा तिरेको छैन भने त्यो अपराध हो । तर, तपाईले तत्कालीन अवस्थामा जारी गरेको बिल अनुसार रकम तिरेको छैन भनेर प्रमाण देखाउनुहोस् । त्यसबेला समयमै तिरेर सबैजसो उद्योगले २ प्रतिशत छुट पनि पाएका छन् । त्यो छुट प्राधिकरणले नै दियो । यसको अर्थ उद्योगहरुले त्यसबेलाको सम्पूर्ण महसुल भुक्तानी गरेका छन् ।

पहिले जारी गरेको सम्पूर्ण बिलको भुक्तानी लिइसकेपछि पैसा तिरेको छैन भन्ने आधार के ? छूट बिल हो भनिसकेपछि के-कति आधारमा छुट भएको हो, देखाउनु पर्‍यो नि । विद्युत् महसुल निर्धारण आयोगले डेडिकेटेड र ट्रंक लाइनको बिल काट्नुअघि प्राधिकरणले के के शर्त पूरा गर्नुपर्छ भनेर शर्त तोकिदिएको छ । अब त्यो शर्तअनुसार विद्युत् दिएको प्रमाण नै नदिइकन तैंले तिर्नुपर्ने पैसा बाँकी छ, तिर भन्ने अधिकार प्राधिकरणसँग रहँदैन । बिजुली बेचेको बही-खाता, रेकर्ड, केही चाहिँदैन ?

औद्योगिक ग्राहकले उठेको रकम तिर्दिन भनेर सुख पाउँदैन । तर, तिर्नु नपर्ने रकम उठाएर बिल पठाउनु हुन्छ भने त्यो रकम तिर्नुपर्छ भन्ने दायित्व रहँदैन । त्यसको प्रमाणको भार तपाईं माथि छ, पहिला प्रमाण दिनुस् । तपाईं टीओडीको डेटा किन दिनु हुन्न ? प्रश्न प्राधिकरणलाई हो । उद्योगीलाई होइन ।

यस्तो कुनै पनि प्रमाणबिना नै तपाईं बिल काट्नुहुन्छ भने त्यो फर्जी बिल हो । प्राधिकरण फर्जी बिल काटेर त्यसबापतको पैसा मागिरहेको छ ।

उद्योगहरुले स्पष्ट रुपमा भनिरहेका छन्, हामीले बिजुली पाएनौं, त्यसकारण डिजेल जेनेरेटर चलाउनु पर्‍यो । त्यसले खर्च बढायो । अब फेरी नदिएको सुविधावापतको रकम माग्नु हुन्छ भने त्यसले उद्योग-व्यवसाय घरासायी हुन्छ । यसबाट तपाइले के पाउनु हुन्छ ? यो देशको नोक्सान हो । मुलुकको अर्थतन्त्र जोगाउन उद्योगी जोगिनुपर्छ ।

*(अधिवक्ता कर्णले नेपाल उद्योग परिसंघले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा व्यक्त गरेको विचारमा आधारित)*

# नवसर्जक चौतारीको तेस्रो वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौँडाः नवसर्जक साहित्य चौतारी नेपालले तेस्रो वार्षिकोत्सव समारोह भर्चुअल रूपमा बुधबार सम्पन्न भएको छ । २०७७ पुस १ गते नामकरण गरेर पहिलो कार्यसमिति चयन गरेको दिनको अवसरमा तेस्रो वार्षिकोत्सव बुधबार सम्पन्न गरिएको संस्थाका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमले जानकारी दिनुभयो ।

संस्थाकी अध्यक्ष प्रसन्ना चौलागाईंको अध्यक्षता तथा प्रा.डा. देवी नेपालको प्रमुख आतिथ्यमा सम्पन्न वार्षिकोत्सव समारोहमा प्रा. डा. ध्रुवकुमार घिमिरे, नेपाल बालसाहित्य समाजका अध्यक्ष प्रमोद प्रधान, अग्रज साहित्यकार प्रभा भट्टराई विशिष्ट अतिथिका रूपमा रहनुभएको थियो । कार्यक्रममा संस्थाका महासचिव समर्पण न्यौपानेले तीन वर्षको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने चौतारीका वरिष्ठ उपाध्यक्ष विभूति अधिकारीले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाकी अध्यक्ष प्रसन्ना चौलागाईं, उपाध्यक्ष एवम् लुम्बिनी प्रदेश संयोजक जोशिका कँडेल 'निशा', उपाध्यक्ष एवम् गण्डकी प्रदेश संयोजक कृतिका लामिछाने, महासचिव समर्पण न्यौपाने, नवसर्जक अनुसुया खनाल लगायतले रचना वाचन गर्नुभएको थियो। कार्यक्रममा संस्थाका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतम, सल्लाहकारहरू रमेशमोहन अधिकारी, डिबी बर्तौला, ओमकुमारी बन्जारा (रानाभाट), अर्चना दाहाल, जयन्ती आचार्य लगायतको उपस्थिति रहेको कार्यक्रमको सहजीकरण उपमहासचिव रचना भण्डारीले गर्नुभएको थियो ।

चौतारीले आवधिक रूपमा विविध साहित्यिक विधाको प्रशिक्षण कार्यक्रम, अग्रज स्रष्टाका जन्मजयन्तीविशेष कार्यक्रम, प्रादेशिक बालसाहित्य उत्सवका साथै हरेक महिनाको चौथो शनिबार नवसर्जक मासिक शृङ्खला आयोजना गर्दै आएको संस्थाका महासचिव समर्पण न्यौपानेले बताउनुभयो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## शारदा माध्यमिक विद्यालयद्वारा

## प्राविधिक प्रस्ताव मागसम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८०/०९/१२*

**यस विद्यालयमा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौंडाद्धारा आ.व. २०८०/८१ मा प्रदान गरिएको अनुदान कार्यक्रमबाट विद्यालय बस खरिद गर्न मिति २०८०/०८/१२ गते प्रकाशित सूचना बमोजिमका शर्तहरु पालना गर्ने, विद्यालय बस उपलब्ध गराउन सक्ने तपसिल अनुसारका अधिकृत बिक्रेता वा उत्पादकहरु विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०९/६ को निर्णयअनुसार सूचीकृत भएकोले उक्त अधिकृत बिक्रेता वा उत्पादकहरुसँग वि.व्य.स. को मिति २०८०/०९/९ को निर्णय अनुसार प्राविधिक प्रस्ताव माग गर्ने भए बमोजिम सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्राविधिक प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।**

**तपसिल**

१) आई. एम. ई. मोटर्स प्रा.लि. (अशोक लेलैण्ड लिमिटेड) ।
२) सिप्रदी ट्रेडिङ्ग प्रा. लि. (टाटा मोटर्स)
३) लक्ष्मी कमर्शियल भेइकल्स प्रा.लि.

**शारदा माध्यमिक विद्यालय**
**मकवानपुरगढी गाउँपालिका – ५, धादिङ, मकवानपुर**
**सम्पर्क नं : ९८५५०८८५१३,९८४५१०२८८७**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# जेसीआई हेटौंडाको बर्तौला प्यानलको उम्मेद्‌वारी घोषणा



*पत्रकार सम्मेलनमार्फत उम्मेदवारी घोषणा गर्दै अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष र उपाध्यक्ष पदका उम्मेदवारहरु ।*

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा वर्ष २०२४ का लागि अमृत बर्तौलाले अध्यक्षमा उम्मेद्‌वारी घोषणा गर्नु भएको छ। बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै बर्तौलाको प्यानलै घोषणा गर्नुभएको हो। बर्तौला वर्ष २०२३ को कार्यकारिणी उपध्यक्ष समेत हुनुहुन्छ।

आउँदो शुक्रबार र शनिबार हुने साधाणसभाले जेसीआई हेटौंडाको नयाँ नेतृत्व चयन गर्नेछ। जेसीजमा अध्यक्ष एकजना, कार्यकारिणी उपाध्यक्ष दुइजना र उपाध्यक्षमा चार जना निर्वाचित हुने व्यवस्था छ। अन्य पद भने अध्यक्षले मनोनित गर्ने व्यवस्था छ। बर्तौलाको प्यानलबाट कार्यकारिणी उपाध्यक्षमा विवेक आनन्द न्यौपाने र जीवन ढकाल रहनुभएको छ भने उपाध्यक्षमा रमेश काफ्ले, रमेश पराजुली, आतिश दाहाल र विश्वास पराजुलीको उम्मेदवारी रहने बताइएको छ।

उम्मेद्‌वारी घोषणासँगै बर्तौलाले आफ्ना योजनाहरु पनि सार्वजनिक गर्नुभएको छ। बर्तौलाका अनुसार जेसीजमा आवद्ध युवालाई उत्प्रेरणामूलक तालिम सञ्चालन गर्ने, नेतृत्व तथा व्यक्तित्व विकास तालिम सञ्चालन गर्ने, उद्यमी पाठशाला सञ्चालन गर्ने, क्रिकेट प्रतियोगितालाई निरन्तरता दिने, पूर्वअध्यक्ष क्लबसँग सहकार्य गरी रचनात्मक कार्यक्रम गर्ने, नेपाल जेसीजको राष्ट्रिय कार्यक्रम आफ्नो शाखा मार्फत गराउने रहेको छ।

जेसीआई हेटौंडामा एक सय ७६ जना सदस्य छन्। यस वर्ष २९ जना नयाँ सदस्य थपिएको हो भने ११ जना सदस्य उमेर हदका कारण क्लबको सक्रिय सदस्यता अन्त्य भएको छ। जेसीजमा ४० वर्षसम्मका युवा सक्रिय सदस्यको रुपमा आवद्ध हुन पाउने व्यवस्था छ।

# प्रदेशस्तरीय उसु प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्था काठमाडौंको संयुक्त आयोजनामा हेटौंडामा जारी वृहत् खेलकुद तथा व्यापार महोत्सवमा प्रदेशस्तरीय उसु प्रतियोगिता सुरु भएको छ। मकवानपुर जिल्ला उसु संघको आयोजनामा हेटौंडा-१० स्थित टिसिएन चौरमा सुरु प्रतियोगिताको उद्‌घाटन मकवानपुर जिल्ला उसु संघका अध्यक्ष ज्योतिरत्न बज्राचार्यको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा भएको हो।

प्रतियोगितामा आयोजकसहित ८ वटा टिमका करिब १५० जना खेलाडीहरु सहभागी भएको जिल्ला उसु संघका सचिव विश्नाथ पाठकले जानकारी दिनुभएको छ। मधेश प्रदेशमा उसु प्रशिक्षकको अभाव भएकाले उक्त प्रदेशका खेलाडीहरु सहभागी नभएको पाठकले बताउनुभयो। प्रतियोगितामा २२ वटा स्वर्ण, २२ वटा रजत र कास्य पदकको लागि प्रतिस्पर्धा भइरहेको उहाँले बताउनुभयो। प्रतियोगितामा महिलातर्फ ४८ देखि ६० केजीसम्मका र पुरुषतर्फ ४८ देखि ८० केजीसम्मका खेलाडीहरुबीच प्रतिस्पर्धा भएको पाठकको भनाइ छ। प्रतियोगितामा महिलातर्फ ६ वटा क्याटोगोरीमा र पुरुषतर्फ ८ वटा क्याटोगोरीमा प्रतिस्पर्धा हुनेको थियो।

आज बिहीबारसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको उद्‌घाटन कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्‌गी, पूर्वअध्यक्ष सानु लामा, नेपाल उसु संघका केन्द्रीय अध्यक्ष जनक बर्तौलालगायतको उपस्थिति रहेको थियो।

# बाल समूहस्तरीय फुटबलको उपाधि अग्राठे बाल समूहलाई



*उपाधि साथ अग्राठे बाल समूहको टिम ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ को आयोजनामा भएको टोल बाल समूहस्तरीय नकआउट फुटबल प्रतियोगिता-२०८० को उपाधि अग्राठे बाल समूहले जितेको छ। मंगलबार हेटौंडा-७ स्थित नवज्योति खेलमैदानमा भएको फाइनल खेलमा इच्छा-जागृति बाल समूहलाई ३-० गोलअन्तरले हराउँदै अग्राठे बाल समूहले उपाधि हात पारेको हो।

अग्राठेको जितका लागि संकेत गुरुङले २ गोल र प्रस्तुत बस्नेतले १ गोल गरे। उपाधिसँगै अग्राठे बाल समूहले नगद १० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता इच्छा-जागृति बाल समूहले नगद ५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताको उत्कृष्ट फरवार्ड इच्छा-जागृति बाल समूहका खेलाडी एलेक्स आचार्य घोषित भएका छन्। यस्तै प्रतियोगितको उत्कृष्ट गोलरक्षक प्रगति बाल समूहका समीप बस्नेत घोषित भएका छन्। प्रतियोगिताको उत्कृष्ट खेलाडी अग्राठे बाल समूहका संकेत गुरुङ घोषित भए। प्रतियोगितामा ७ नम्बर वडास्तरीय बाल समूहका अध्यक्ष प्रिन्सप गौतम, वडा सदस्य दिनेश थापा मगर, श्यामसुन्दर परियार, नागडाँडा युवा क्लबका संयोजक सुशील कार्की, टोल विकास संस्थाका पदाधिकारी, बाल समूहका पदाधिकारी लगायतको उपस्तिथि रहेको थियो।

# अन्तरनगरपालिका राष्ट्रिय हक्की प्रतियोगिता आजबाट



*पत्रकार सम्मेलन मार्फम हक्की प्रतियोगिताको जानकारी गराइदै*

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आज बिहीबारदेखि अन्तरनगरपालिका ५ एस राष्ट्रिय हक्की प्रतियोगिता सुरु हुने भएको छ। मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा जारी वृहत् खेलकुद तथा व्यापार महोत्सवअन्तर्गत् हक्की प्रतियोगिता हुन लागेको हो।

बुधबार जिल्ला खेलकुल विकास समितिको कार्यालयमा पत्रकार सम्मेलन आयोजना गर्दै आयोजकले प्रतियोगिताबारे जानकारी गराएको छ। नेपाल हक्की संघ जिल्ला समिति मकवानपुरको आयोजना, हेटौंडा उपमहानगरपालिका र विभिन्न संघसंस्थाको आर्थिक सहयोगमा प्रतियोगिता हुन लागेको हो। हक्की खेललाई अगाडि बढाउने, हक्कीप्रतिको रुचि विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागेको बताइएको छ।

यसवर्ष नेपालमा पहिलो पटक नेपाली प्राविधिकको व्यवस्था गरेर प्रतियोगिताको आयोजना गरेको नेपाल हक्की संघका सचिव असिम शर्माले जानकारी दिनुभयो। यसअघि छिमेकी मुलुक भारतबाट अम्पाएरहरु, टेक्निकल कमिटीसँग सम्बन्धित व्यक्तिहरु ल्याएर प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो। हक्की संघमा नयाँ संरचनाको व्यवस्था भएर कोच र अम्पाएरको विभिन्न तालिम भएकाले यसपटक नेपाली प्राविधिकले नै प्रतियोगिता सञ्चालन गर्न सक्षम भएको सचिव शर्माले बताउनुभयो।

आजबाट सुरु हुने प्रतियोगितामा ८ वटा टिम सहभागी हुने सचिव शर्माले बताउनुभयो। प्रतियोगितामा भीमदत्त नगरपालिका, सिमीकोट गाउँपालिका, पोखरा महानगरपालिका, हेटौंडा उपमहानगरपालिका, नेपालगञ्ज उपमहानगरपालिका, वीरगञ्ज महानगर पालिका, मिथिला नगरपालिका र बिर्तामोड नगरपालिकाका टिमहरु सहभागी हुनेछन्। प्रतियोगिता हेटौंडा-५, पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालामा हुनेछ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमहरुलाई नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गर्ने जनाइएको छ। पुरस्कार राशि पछि तोकिने आयोजकले बताएको छ। प्रतियोगितामा करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। प्रतियोगिताको फाइनल खेल पुस १४ गते हुनेछ।

# रितेशको उम्मेदवारी घोषणा

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाको आसन्न निर्वाचनमा रितेश ढकालले उपाध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुभएको छ। बुधबार ढकालले समृद्ध समाजसँग कुरा गर्दै कुनै पनि प्यानलमा नबसी स्वतन्त्ररुपमा उपाध्यक्ष पदको उम्मेदवारी दिने घोषणा गर्नुभएको हो। २०१८ सालमा जेसीआई हेटौंडाको सदस्यता लिनुभएका ढकालले २०१९ मा फुटसल प्रतियोगिताको संयोजकको जिम्मेवारी सम्हाल्नुभएको थियो। जेसीआई हेटौंडाको साधारणसभा शुक्रबार र शनिबार हुँदैछ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# दोलखा र काभ्रेपलाञ्चोकमा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन काभ्रेपलाञ्चोक र दोलखामा ३ जानको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका-१ मा हिटरको कारण एकजना वृद्धाको मृत्यु भएको छ। मृत्यु हुनेमा ८१ वर्षीया असनी लामा रहको प्रहरीले जानकारी दिएको छ।

लामा सोमबार बेलुका खाना खाई सुतेकोमा मंगलबार बिहान ८ बजेसम्म नउठेपछि ढोका खोली हेर्दा बेहोस अवस्थामा फेला परेकी थिईन्। लामालाई उपचारका लागि धुलिखेल अस्पताल लगेकोमा डाक्टरले मृत घोषण गरेको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा वृद्धा हिटर बाली झ्याल ढोका बन्द गरी सुतेको भन्ने बुझिएको प्रहरीले जानकारी दिएको छ।

दोलखा जिल्लाको बैतेश्चर गाउँपालिका-५ मा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बैतेश्चर गाउँपालिका-४ मैनापोखरी बजारका ४८ वर्षीय निपन दाहाल रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार दिउँसो १ बजेको समयमा मैनापोखरी मन्दिरमा जात्रा हेर्ने क्रममा दाहाल बेहोस भएका थिए। दहाललाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका-९, दुमकोटमा बाटोमा लड्दा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोहि स्थानका ५४ वर्षीय बिर्ख बहादुर थामी रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार बजारबाट घर आउने थामी बाटोबाट ६ मिटर तल खसेर घाइते भएका थिए। घाइते थामीलाई उपचारका लागि धुलिखेल अस्पताल भिमेश्वर लगिएकोमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# भीमफेदीमा आजबाट राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न ५ लाख बजेट

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका आज बिहीबारबाट पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु हुने भएको छ। दुई दिनसम्म सञ्चालन हुने प्रतियोगिताका लागि गाउँपालिकाले ५ लाख रुपैयाँ बजेट छुट्याएको हो।

प्रतियोगिताअन्तर्गत् महिला तथा पुरुष भलिबल, एथ्लेटिक्स, ज्याभलिङ थ्रो, सटपुट थ्रो, हाइजम्प, लङजम्पलगायतका खेलहरु हुने भीमफेदी गाउँपालिका-२ स्थित कृष्ण माविका खेल शिक्षक दीपक पुडासैनीले जानकारी दिनुभएको छ। प्रतियोगितामा पालिकाका मावि तहका ८ वटा विद्यालयबाट करिब ४ सय जना विद्यार्थीहरु सहभागी हुनसक्ने शिक्षक पुडासैनीले बताउनुभयो।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रथम, द्वितीय र तृतीय हुने टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

बागमती प्रदेश खेलकुद विकास परिषद्‌ले मंसिर मसान्तसम्म पालिकास्तरीय प्रतियोगिता सम्पन्न गरिसक्नुपर्ने निर्देशन दिए पनि विभिन्न कारणहरुले गर्दा कतिपय पालिकाहरुमा प्रतियोगिता सञ्चालनमा ढिलाई भएको पाइएको छ। राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नारालाई सार्थक पार्न २०७६ सालबाट राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना हुँदै आएको छ। हरेक पालिकास्तरीय प्रतियोगिताबाट छनोट हुने उत्कृष्ट खेलाडीहरुलाई जिल्लास्तरीय प्रतियोगिता हुँदै प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउने गरेको छ।

# प्रधानमन्त्री कप टिम छनोट क्रिकेट प्रतियोगिता: रेड स्वाइललाई हराउँदै मकवानपुर फाइनलमा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघले आयोजना गरेको प्रधानमन्त्री कप क्रिकेट टिम छनोट प्रतियोगितामा रेड स्वाइललाई हराउँदै मकवानपुर क्रिकेट क्लब फाइनलमा पुगेको छ। बुधबार हेटौंडा-४ स्थित हुप्रचौरमा भएको खेलमा मकवानपुर क्रिकेट क्लब ६ विकेटले विजयी भएको हो।

पहिले ब्याटिङ गरेको रेड स्वाइलले ३३ ओभर ५ बलमा सबै विकेट गुमाएर १४५ रन जोड्न सफल भएको थियो। रेड स्वाइलको तर्फबाट रमेश लुईंटेलले सर्वाधिक ३८ रन जोड्न सफल भएका थिए। रिषभ चौधरीले बिना आउट २७ रन जोडेका थिए। त्यस्तै, राहुल केसरीले १९ रन र गौरव क्षेत्रीले १३ रन जोडेका थिए। मकवानपुर क्रिकेट क्लबका तक्षक सिम्खडाले सर्वाधिक ४ विकेट लिन सफल भएका थिए। रिजन ढकाल र सन्तोष उपाध्यायले समान २-२ विकेट लिएका थिए।

जवाफी ब्याटिङमा उत्रिएको मकवानपुर क्रिकेट क्लबले १६ ओभर २ बलमा ३ विकेट गुमाएर रेड स्वाइलले दिएको लक्षलाई भेटाएको थियो। मकवानपुर क्रिकेटको जितका लागि टिम कप्तान सुमन सुनारले सर्वाधिक ६२ रन जोडे। तक्षक सिम्खडाले ४९ रन, रिजन ढकालले १२ रन र सृजन ढकालले ६ रन बनाएका थिए। रेड स्वाइलका राजीव यादव, नवीन शर्मा र आर्यनले १-१ विकेट लिए।

प्रतियोगितामा ५ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगिताअन्तर्गत् आज बिहीबार ओमनगर र मकवानपुर क्रिकेट क्लबबीच प्रतिस्पर्धा हुनेछ।

हार्दिक बधाई एवम् आभार



बालमैत्री हेटौंडा उपमहानगरपालिका घोषणाको तयारीमा जुटिरहेको बेला हामीले टोल समुदायका बालबालिकाको शारीरिक एवम् मानसिक विकास गर्ने र आपसी सौहार्द्रता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको टोलस्तरीय बाल फुटबल प्रतियोगितामा सहभागी भई उपाधि विजेता अग्राठे टोल बाल समूह र उपविजेता इच्छा-जागृति बाल समूहलाई बधाई ज्ञापन गर्दै सहभागी सम्पूर्ण बाल समूहप्रति आभार व्यक्त गर्दछौं।

दामोदर गौतम, वडा अध्यक्ष
एवम् वडा समिति परिवार
हेटौंडा उपमहानगरपालिका-७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ